## ८. वियर सम्बन्धी व्यबस्था

**१. बियर उत्पादन गर्दा अल्कोहलको मात्रा कति सम्म हुनु पर्ने हुन्छ ?**

*दुई देखि दस प्रतिशत सम्म अल्कोहलको मात्रा रहेको हुन्छ ।*

**२. बियर उत्पादनको क्रममा के कस्ता बस्तुको समिश्रण गरिएको हुन्छ ?**

*जौ (malt), हप्स (hopS), पानी र मर्चा (yeast) को समिश्रण गरिएको हुन्छ ।*

**३. तयार भएको बियरलाई बोतल वा क्यानमा भरीसके पछि पास्चराइज्ड् गर्नु पर्नाको कारण के हो ?**

*बियर तयार हुँदा सम्म त्यसमा रहेका हानिकारक जिबाणु लाई नष्ट गर्न पास्चराईज्ड् गर्नु परेको हो ।*

**४. बियरको उत्पादन प्रकृया देखि निष्कासन तथा बिक्री बितरण हुने बिन्दू सम्म को कुन कुन अबस्थामा नियन्त्रण गर्नु पर्ने हुन्छ ?**

*बियर उत्पादन गरे देखि बिक्री बितरण सम्मको निम्न बिन्दूमा निगरानी तथा नियन्त्रण गर्नु पर्छ :*

*जौ, हप्सको अभिलेख राख्ने, ब्रुईंग कार्य सकिए पछि प्रत्येक व्याचको अभिलेख राख्ने, क्राउन कर्कको अभिलेख राख्ने, अन्तःशुल्क टिकटको प्रयोग, फ्लो मिटरको प्रयोग, बिभिन्न चरणको अभिलेख तथा जर्ति नोक्सानीको अभिलेख राखेर नियन्त्रण गर्नु पर्नेछ ।*

**५. फ्लो मिटर भनेको के हो ?**

*तयारी बियर अन्तिम रुपमा बोतल बन्दी गर्नु भन्दा अगाडी बियर प्रवाह हुने पाइपमा सिलबन्दी गरी जडान भएको बियरको परिमाण लगायतका बिद्युतीय सूचना सम्प्रेषण गर्ने स्वचालित मिटर हो ।*

**६. फ्लो मिटरको प्रयोग अनिबार्य गर्नु पर्नाको कारण के हो ?**

*बियरको प्रबाह नाप्न सजिलो हुनाका साथै यो स्वचालित भएकोले बियर बहावको तथ्यता सजिलै थाहा पाउन सकिने र बियरको चुहावट हुन नदिनको लागि यसको प्रयोग अनिबार्य गरिएको हो ।*

**७ मौजदातमा रहेको बियर कमी भएमा के कति सम्म मिन्हा दिइन्छ ?**

*फ्लो मिटरले देखाएको परिमाण भन्दा बोतल काउण्ट परिमाणको मौजदात कम भएमा बढीमा १.५ प्रतिशत सम्म र पाश्चराईजेशन, प्याकेजिंग तथा मण्डारण गर्दा हुने टुटफूट वा बिग्रेको बियरको भौतिक परीक्षण गरी बढीमा दुई प्रतिशतसम्म मौजदात कमिको मिन्हा हुन सक्नेछ ।*

**८. उत्पादनका क्रममा कमी भएको बियर मिन्हा दिने प्रकृया के हो ?**

*तयारी बियर बोतल बन्दि गर्दा फ्लो मिटरले देखाएको परिमाण भन्दा बोतल बन्दी भएपछिको बोतल काउण्टरले देखाएको परिमाणको कमी र पाश्चराईजेशन, प्याकेजिंग तथा भण्डारण गर्दा हुने टुटफूट वा बियरका बोतलमा प्रयोग हुन नसक्ने अबस्थाका क्राउन कर्कको मौज्दात कमीको बिबरण तोकेको ढाँचामा मासिक रुपमा मिन्हाका लागि अन्तःशुल्क अधिकृत समक्ष पेश गर्नु पर्छ र अन्तःशुल्क अधिकृतले बियरको भौतिक परीक्षण गरी तोकिए बमोजिम मौज्दात कमिको मिन्हा दिन सक्नेछ ।*

**९. बियरको प्रत्येक बोतलमा टासिने लेबलमा के के कुराहरू उल्लेख गर्नु पर्छ ?**

*बियरको हरेक बोतलमा ट्रेडमार्क, उत्पादन मिति, ब्याच नं., सिरियल नं., अल्कोहलको मात्रा, ब्राण्डको नाम र सेवन गर्न सकिने अन्तिम मिति समेत लेखी टाँस गर्नु पर्नेछ ।*

**१०.बियरमा लाग्ने अन्तःशुल्क रकम बियर निष्कासन गरी सकेपछि दाखिला गर्नु पर्छ कि अग्रिम दाखिला गर्नु पर्छ ?**

*अग्रिम दाखिला गरी सो दाखिला गरेको भौचर निष्कासन माग फारम साथै राखी स्वीकृतिका लागि पेश गर्नु पर्नेछ ।*

**११ बियर निष्कासन प्रकृयाका बारेमा जानकारी पाउँ ।**

*निष्कासन गर्नु पर्ने बियरको लाग्ने अन्तःशुल्क र अन्य कर तिरी चार प्रति माग फारम भरी राजस्व तिरेको भौचर साथै राखी निष्कासन गर्ने स्वीकृतिका लागि ईकाई कार्यालयमा पेश गर्नु पर्छ । अन्तःशुल्क अधिकृतले सो माग फारम बमोजिम निष्कासन गर्न स्वीकृति दिएपछि निष्कासन गरिने प्रत्येक कार्टुनको जोर्निमा पर्ने गरी अन्तःशुल्क टिकट टाँस गरी निष्कासन गर्नु पर्नेछ ।*

**१२. बियर उत्पादकहरूले अन्तःशुल्क टिकट कहाँ टाँस गर्नु पर्छ ?**

*बियरको प्रत्येक कार्टुनको जोर्निमा पर्ने गरी अन्तःशुल्क टिकट टाँस गर्नु पर्नेछ ।*

**१३ बियर उत्पादन, निष्कासन तथा मौजदातको फाँटबारी तथा विवरणहरू कार्यालयमा कहिले पठाउनु पर्छ ?**

*प्रत्येक महिनाको २५ गते भित्र अधिल्लो महिनाको तोकिए बमोजिमका मासिक बिबरणहरू अनिबार्य रुपमा कार्यालयमा पठाउनु पर्नेछ ।*

**१४.बियर उत्पादकले आफ्नो उत्पादनको बिक्री बितरण कसरी गर्नु पर्छ ?**

*मदिरा (बियर समेत) थोक खरीद बिक्री गर्ने ईजाजतपत्र प्राप्तकर्तालाई मात्र ईजाजतपत्रमा उल्लेखित शर्त तथा बन्देजको अधिनमा रहि बिक्री बितरण गर्ने गरी बिक्री गर्नु पर्नेछ ।*